जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी ह.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक ३२३ • २०८३ भदौ २६ गते शुक्रवार • 11 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

# मधेश प्रदेश सरकारद्वारा ६ वर्षमा २८ हजार ८३ वटा नयाँ भवन निर्माण




जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ भदौ

मधेश प्रदेश सरकारले भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्दै पछिल्लो ६ वर्षमा २८ हजार ८३ वटा नयाँ भवन निर्माण गरेको छ ।

प्रदेश सरकारका अनुसार निर्माण भएका संरचनामा विपन्न तथा दलित परिवारका आवासदेखि सरकारी कार्यालय, सामुदायिक भवन र धर्मशालासम्म रहेका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७७/७८ देखि २०८२/८३ सम्म जनता आवास कार्यक्रमअन्तर्गत २० हजार ३७८, महेन्द्रनारायण निधि आवास कार्यक्रमअन्तर्गत २ हजार ४१२ र विपन्नसँग मदन भण्डारी आवास कार्यक्रमअन्तर्गत ४ हजार ७८ वटा आवास निर्माण भएका छन् । यस अवधिमा ८५६ सरकारी भवन, २९१ सामुदायिक भवन र ६८ धर्मशाला समेत निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ । मन्त्रालयका सूचना अधिकारी रोहित जोशीका अनुसार प्रदेशका आठवटै जिल्लामा आवश्यकता र प्राथमिकताका आधारमा ती संरचना निर्माण गरिएको हो ।

जनता आवास कार्यक्रम मार्फत आर्थिक वर्ष २०७७/७८ मा ९ हजार ४५, २०७८/७९ मा २ हजार ७२८, २०७९/८० मा ६ हजार ३९३, २०८०/८१ मा ११५, २०८१/८२ मा १ हजार ६४८ र २०८२/८३ मा १९० वटा आवास निर्माण गरिएको मन्त्रालयको तथ्यांक छ । प्रदेश सरकारले विपन्न तथा दलित परिवारलाई सुरक्षित आवास उपलब्ध गराउने उद्देश्यले सञ्चालन गरेको आवास कार्यक्रमलाई सामाजिक सुधारसँग समेत जोडेको छ । वर्षौंदेखि कमजोर तथा असुरक्षित घरमा बस्दै आएका परिवारले पक्की आवास पाएपछि उनीहरूको दैनिक जीवनमा सहजता आएको सरकारको दाबी छ ।

त्यस्तै, प्रदेश सरकार स्थापना भएपछि सरकारी कार्यालयका लागि आवश्यक भौतिक संरचना निर्माणलाई पनि प्राथमिकता दिइएको छ । मन्त्रालयका अनुसार छ वर्षको अवधिमा ८५६ सरकारी भवन निर्माण भएका छन् । आर्थिक वर्ष २०७७/७८ मा ९, २०७९/८० मा ३, २०८०/८१ मा २३८, २०८१/८२ मा ३१७ र २०८२/८३ मा २८९ सरकारी भवन निर्माण सम्पन्न भएका छन् । आफ्नै भवन निर्माण भएपछि सरकारी कार्यालय सञ्चालनमा सहजता हुनुका साथै सेवाग्राहीले समेत व्यवस्थित वातावरणमा सेवा लिन पाउने अवस्था बनेको मन्त्रालयको भनाइ छ । गाउँटोलमा विवाह, बैठक, सामाजिक तथा अन्य सामुदायिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गर्न प्रदेश सरकारले सामुदायिक भवनलाई पनि प्राथमिकतामा राखेको छ । पछिल्लो ६ वर्षमा २९१ सामुदायिक भवन निर्माण भएका छन् । त्यसमध्ये आव २०७७/७८ मा ९७, २०७८/७९ मा २७ र २०७९/८० मा १६७ वटा सामुदायिक भवन निर्माण गरिएको मन्त्रालयले जनाएको छ । यसैगरी, विवाह, व्रतबन्धलगायत सामाजिक तथा सांस्कृतिक कार्यक्रम सञ्चालनका लागि प्रदेशका विभिन्न जिल्लामा ६८ धर्मशाला निर्माण भएका छन् । मन्त्रालयका प्रवक्ता प्रविणप्रताप अधिकारीले भौतिक संरचना निर्माणलाई नागरिकको जीवनस्तर सुधारसँग जोडेर अघि बढाइएको बताए ।

# शहीद विरेन्द्र कुमार विच्छा र राजेश ठाकुरको शालिक अनावरण तथा शहीद स्मारकको उदघाटन



मो. इर्शाद
जनकपुरधाम, २५ भदौ

मधेश प्रदेशका सभामुख रामअशिष यादवले महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वरको परिकौली चोकमा नवनिर्मित मधेश आन्दोलनका शहीद विरेन्द्रकुमार विच्छा र राजेश ठाकुरको शालिक अनावरण तथा शहीद स्मारकको उदघाटन गर्नुभएको छ ।

वि.सं. २०७२/०७३ मा भएको मधेश आन्दोलनको क्रममा सुरक्षाकर्मीको गोलीबाट जलेश्वर नगरपालिका वडानं. ११ का विरेन्द्रकुमार विच्छा र वडानं. ९ का राजेश ठाकुरले शहादत दिनुभएको थियो । उहाँहरुको सम्मानमा जलेश्वर नगरपालिका वडानं. ९ को परिकौली चोकमा यस अघि पनि शालिक निर्माण गरिएको थियो तर २०७७ सालमा दुवै शहीदको शालिक चोरी भएपछि पूर्ननिर्माण गरि अनावरण गरिएको छ ।

सो शालिक अनावरण कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुदै मधेश प्रदेशका सभामुख रामअशिष यादवले मधेशी समुदायको पहिचान, समृद्धि, आत्मसम्मान तथा संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत गर्न सबैलाई एकजुट हुन आव्हान गर्नुभयो । मधेश आन्दोलन अधिकार प्राप्तको लागि भएको र यसको लागि धेरैले ज्यान गुमाएको, घाइते भएको तथा कतिपय झुठा मुद्दामा फरार र जेलमा रहेको वताउनुहुदै संघीयता समाप्त पार्न चलखेल भइरहेकोले सजग र एकजुट हुन आव्हान गर्नुभयो । मधेश आन्दोलनपछि मधेशीहरुको आफ्नो पहिचान मिलेको छ । संघीयता, समावेशी प्रतिनिधित्व, संघीयतासंगै विकासको गति पनि मधेश आन्दोलनको उपलब्धि रहेकोले यो वचाउन सबै एकजुट हुनै पर्छ सभामुख यादवले वताउनुभयो । उहाँले भन्नुभयो, ‘अहिले पनि संघीयता समाप्त पार्न र मधेश आन्दोलनबाट प्राप्त उपलब्धि समाप्त गर्न राज्यले षडयन्त्र गरिरहेको छ । सबैलाई सचेत हुनैपर्छ ।’संघीयता विरोधीहरुले संघीयता आर्थिक भार भएको भन्दै आएको चर्चा गर्नुहुदै सभामुख यादवले त्यो विल्कुलै गलत भएको वताउनुहुदै संघीयता आर्थिक भार होइन, यो नेपालको दुरदराजमा रहेका गरिब, पिछिडिएका वर्गहरुको विकास र उन्नतीको लागि हो भनेर बुझ्नुपर्ने आग्रह गर्नुभयो ।

आज जति सडक, विद्यालय, दलान, मठ मन्दिर निर्माण र संरक्षण भइरहेको छ यो सबै संघीय सरकारले नभई प्रदेश तथा स्थानीय सरकारको देन रहेको बताउनुहुदै संघीयता हामीहरुको लागि अवसर भएकोले यसको लागि सबैलाई सचेत हुन आग्रह गर्नुभयो । चुनावको समयमा हुने मतपत्रलाई ‘कपाली तमसुक’को संज्ञा दिनुहुदै सभामुख यादवले भन्नुभयो, ‘चुनावको समयमा तपाईहरुले व्यालेट पेपरलाई एउटा कागजको टुक्रा सम्झनुहुन्छ । तर त्यो धेरै ठुलो शक्ति हो, एउटा कपाली तमसुक जस्तो हो, जसलाई हामीले पाँच वर्षको लागि आफ्नो अधिकार दिन्छौ ।’

उहाँले आ-आफ्नो बालबालिकाहरुलाई कुनै पनि हालतमा विद्यालय पठाउन र गुणस्तरीय शिक्षा दिन अभिभावकहरुसँग आग्रह गर्नुभयो । उहाँले एक साँझ भौकै भएर पनि बालबालिकालाई पढाउन आग्रह गर्नुहुदै त्यस्तो नगरिए समाज कहिल्यै पनि अगाडी बढन नसक्ने दावी समेत गर्नुभयो । छोरा र छोरीमा भेदभाव नगरि दुवैलाई समान शिक्षा दिन उहाँले आग्रह समेत गर्नुभयो । जलेश्वर नगरपालिका वडानं. ९ का वडाध्यक्ष रविन्द्र यादवको अध्यक्षतामा भएको शहीदहरुको शालिक अनावरण कार्यक्रममा पूर्व शिक्षा तथा संस्कृति मन्त्री रानी शर्मा तिवारी, पूर्व सभासद डा.सुरेन्द्र यादव, जनता समाजवादी पार्टीका जिल्ला सभापति रामनरेश यादवलगायतका उपस्थिती रहेको थियो । कार्यक्रममा शहीद परिवारका सदस्यहरुलाई दोसल्लासहित सम्मान समेत गरिएको थियो ।



जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए ढुकिएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



## सम्पादकीय...................

# विपत्तबाट जोगिन पुर्व तयारीको जरुरी

मुलुक यतिबेला ठूलो प्राकृतिक विपत्तिको सामना गरिरहेका छन्। वैज्ञानिक अध्ययनहरूले विश्वव्यापी रूपमा बढ्दो जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा हिमताल फुट्ने, हिमपहिरो जाने तथा बाढी-पहिरोजस्ता प्राकृतिक विपत्को जोखिम बढ्दै गएको देखाइरहेको छ। परिणाम स्वरूप २०८३ भदौ १० गते रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले हिमाली क्षेत्रदेखि नदीको तल्लो तटीय भूभागसम्म ठूलो मानवीय र भौतिक क्षति पुऱ्यायो। बाढीपछि हजारौंको मृत्यु भयो, हजारौं नागरिक बेपत्ता भए र सडक, पुल, जलविद्युत् आयोजना, घरबस्ती तथा अन्य पूर्वाधारमा ठूलो क्षति पुग्यो । सरकारी तथ्यांकअनुसार भदौको अन्तिम सातासम्म मात्रै ९ सय ३ जनाको शव फेला परेको र ४,२४७ जना सम्पर्कविहीन रहेको छ । खोज तथा उद्धारमा २० हजारभन्दा बढी सुरक्षाकर्मी परिचालित छ । तर, भोटेकोशीको विपत्ति केवल एउटा बाढीको कथामात्र होइन। यसले नेपालमा जलवायु परिवर्तनले सिर्जना गरेको नयाँ जोखिम र त्यस जोखिमलाई अझ भयावह बनाउने हाम्रो विकास निर्माणको शैलीमाथि पनि गम्भीर प्रश्न उठाएको देखिन्छ। प्रकृतिको विपत्ति रोक्न नसकिएला । तर, त्यसबाट हुने मानवीय क्षति कति कम गर्ने भन्ने कुरा राज्यको नीति, योजना, प्रविधि र विकासको चरित्रमा पनि निर्भर हुन्छन्। पटक-पटक आउने विपत्तबाट पनि राज्य सचेत नभएको र पूर्वतयारीमा समेत ठूलो लापरवाही गरेको देखिन्छ । त्यसैले नेपालमा आउने विपत्तबाट बच्न र सचेत रहन पुर्व तयारी गर्न आवश्यक रहेको देखिन्छ ।

# महोत्तरीमा तीन/चार दशकयता घट्दै गएको कोदोखेती पछिल्ला वर्षमा बढ्दै

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २५ भदौ



महोत्तरीमा तीन/चार दशकयता घट्दै गएको कोदोखेती पछिल्ला वर्षमा भने बढ्दै गएको छ। कोदोको गुणकारी विशेषताबारे चर्चा बढेपछि किसानले यसको खेती विस्तार गर्न थालेका हुन्। कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार आव २०७८/७९ मा ३०० हेक्टरमा गरिएको कोदोखेती आव २०८१/८२ मा ३७५ हेक्टर पुगेको थियो। आव २०८२/८३ मा ३८२ हेक्टरमा खेती गरिएकोमा चालु आवमा ५०० हेक्टरको सेरोफेरोमा पुग्ने अनुमान छ। कोदोको उत्पादन पनि बढ्दै गएको छ। आव २०७८/७९ मा ३३० मेट्रिकटन उत्पादन भएकोमा आव २०८१/८२ मा ४१२ र गत आवमा ४२० मेट्रिकटन उत्पादन भएको थियो। चालु आवमा ६५० मेट्रिकटन उत्पादन हुने अनुमान छ।

भङ्गाहा-४ का किसान गङ्गाराम महतोका अनुसार पछिल्ला वर्षमा कोदोको माग र मूल्य बढेपछि किसानले खेती विस्तार गरेका हुन्। मधेसमा कोदो मुख्यतः रोटीका रूपमा खाने गरिन्छ भने पछिल्लो समय ढिँडो, बिस्कुट र हलुवा बनाउनसमेत प्रयोग हुन थालेको छ।

बर्दिबास अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा रितेश घिमिरेका अनुसार कोदोमा फाइबर, प्रोटिन, क्याल्सियम, म्याग्नेसियम, फसफोरस, फलाम र पोटासियमजस्ता पोषक तत्त्व पाइने भएकाले यसको माग बढेको हो । विशेषगरी मधुमेह भएका व्यक्तिले कोदो रुचाउन थालेपछि यसको महत्त्व र खेतीसमेत बढ्दै गएको छ।

# स्थानीय र वन कार्यालयबिच विवाद उत्पन्न

जलेश्वरटुडे समाचारदाता
रौतहट, २५ भदौ



डिभिजन वन कार्यालय रौतहटले चुरेक्षेत्रमा पर्ने राष्ट्रिय वनक्षेत्रमा भएको अतिक्रमण खाली गर्न भनी जारी गरेको सूचनाले स्थानीय र वन कार्यालयबिच विवाद उत्पन्न भएको छ।

डिभिजन वन कार्यालय रौतहटले मकवानपुरको बकैया गाउँपालिका-१ स्थित सीमावर्ती क्षेत्रमा पर्ने भनिएको बस्तीसमेत खाली गर्न सूचना जारी गरेपछि स्थानीय र वन कार्यालयबिच विवाद चर्किएको हो । वन कार्यालयले गत भदौ १ गते सूचकक्रमण स्वयम्ले नै हटाउन भनेको थियो। डिभिजन वन कार्यालय रौतहटका निमित्त प्रमुख नेपाली साहले बकैया गाउँपालिका-१ मा पर्ने सो बस्तीसहित सूचनामा जारी गरिएको अन्य क्षेत्र रौतहटको राष्ट्रिय वनक्षेत्र अन्तर्गत पर्ने भएकाले अतिक्रमित ती जमिन अतिक्रमणकारी स्वयम्ले खाली गर्न सूचना जारी गरेको बताउनुभयो।

उहाँले मकवानपुरका नागरिक भनिए पनि स्थानीयले रौतहटतर्फ करिब तीन किलोमिटर माथिसम्मको वनक्षेत्र अतिक्रमण गरेको दाबी गर्नुभयो। करिब पाँच सय घरधुरी रहेको बकैया-१ का बासिन्दाले आफूहरू तीन दशकदेखि सोही क्षेत्रमा बसोबास गर्दै आएको दाबी गर्दै वनको सूचना अस्वीकार गरेका छन्। बस्तीमा सडक, खानेपानी, बिजुलीलगायतका सरकारी सेवा पुगेका छन् भने विद्यालय र वडा कार्यालयसमेत सञ्चालनमा रहेकाले उक्त क्षेत्र वन कार्यालय रौतहटको हो भनी दाबी गर्न नमिल्ने स्थानीयको तर्क छ।

वडाध्यक्ष आशिष तितुङले बस्ती बकैया गाउँपालिकाकै भूभागमा पर्ने दाबी गर्दै रौतहटको वन कार्यालयले एकाएक अतिक्रमणकारीको आरोप लगाउनु न्यायोचित नभएको बताउनुभयो।

## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

अनुरोधकर्ता

मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय

धनुषा, मधेश प्रदेश

## तपाईंको टुडे

मेष: अनावश्यक खर्चको संभावना

वृष: अनावश्यक चिन्ता

मिथुन: मनमा पछुतो आउने

कर्कट: अशुभ समाचार प्राप्त हुने

सिंह: पिछडेको साथी मिल्ने

कन्या: लामो यात्राको योग छ

तुला: शुभ कार्यको शुरुवात

वृश्चिक: आम्दानी हुने

धनु: खानपानमा समस्या आउने

मकर: विचार गरेर बोल्नुहोला

कुम्भ: मित्रतामा फाटो आउने

मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।



आरती : बिहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको बिचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तानका लागि हिंसाको नयाँ गढ बन्दै बलुचिस्तानका पश्तुन इलाका



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ भदौ**

दक्षिण-पश्चिमी प्रान्त बलुचिस्तानका पश्तुनबहुल जिल्लामा पछिल्ला केही महिनायता सशस्त्र आक्रमण तीव्र बनेको छ। लामो समयदेखि 'बलुच राष्ट्रवादी विद्रोही'को गतिविधि गरिरहेको बलुचिस्तानका यी क्षेत्र हालसम्म तुलनात्मक रूपमा शान्त थिए।

तर जुनयता आक्रमण बढेसँगै विद्रोह नयाँ क्षेत्रमा फैलिन थालेको संकेत देखिएको छ। बलुचिस्तान क्षेत्रफलका हिसाबले पाकिस्तानको सबैभन्दा ठुलो प्रान्त हो। प्राकृतिक स्रोतमा धनी भए पनि यो देशकै कम विकसित क्षेत्रमध्ये पर्छ र यसको सीमा अफगानिस्तान तथा इरानसँग जोडिएको छ। बलुच राष्ट्रवादी विद्रोहीहरूले दुई दशकदेखि पाकिस्तानी राज्यविरुद्ध सशस्त्र संघर्ष गर्दै आएका छन्। तर पश्तुनबहुल जिल्लाहरू भने त्यस द्वन्द्वबाट केही हदसम्म अलग थिए। जुनदेखि बदलियो अवस्था: सेप्टेम्बर १ मा सुरक्षा बलले पश्तुनबहुल पिशिन जिल्लाको जियारत क्रसमा रहेको भन्सार केन्द्रमा पाकिस्तान तालिबान (टिटिपि)ले गरेको आक्रमण विफल पारेको जनाएको थियो। क्वेटाबाट करिब १०० किलोमिटर उत्तर-पूर्वमा भएको भिडन्तमा केही लडाकु तथा सुरक्षा र भन्सार विभागका ६ कर्मचारी मारिएको बताइएको थियो। तीन दिनपछि क्वेटाको बाहिरी क्षेत्रमा पर्ने शाबानमा सुरक्षा बलले छुट्टै कारबाही गरी टीटीपीका थप २६ लडाकु मारिएको दाबी गऱ्यो। सेप्टेम्बर ३ मा जियारतबाट फर्किरहेको अर्धसैनिक बलको टोलीमाथि एम्बुस थापेर आक्रमण गरिएको थियो। बलुचिस्तान लिबरेसन आर्मी (बिएलए) ले आक्रमणको जिम्मेवारी लिए पनि पाकिस्तानले यसको औपचारिक पुष्टि गरेको छैन। बलुचिस्तानमा हिंसा बढ्दै: पाकिस्तान इन्स्टिच्युट फर कन्फ्लिक्ट एन्ड सेक्युरिटी स्टडिज (पिआईसिएसएस) का अनुसार सन् २०२६ को अधिकांश समय बलुचिस्तान पाकिस्तानको सबैभन्दा हिंसाग्रस्त प्रान्त बनेको छ। जुलाईमा अवस्था अझ बिग्रिएको थियो।

जुलाईको पहिलो सातामै बलुचिस्तानमा २५ वटा आक्रमणमा १०२ जनाको मृत्यु भएको तथ्यांक सार्वजनिक गरिएको थियो। उत्तरी जिल्लामा टिटिपिको गतिविधि बढ्नु यसको एउटा प्रमुख कारण रहेको संस्थाले जनाएको थियो। अगस्टमा बलुचिस्तानमा सुरक्षा बलले ११५ लडाकु मारेको तथ्यांक पनि पिआईसिएसएसले सार्वजनिक गरेको छ। सोही अवधिमा खैबर पख्तुनख्वामा ५६ र विलय गरिएका आदिवासी जिल्लामा ३२ लडाकु मारिएका थिए।

# कन्नड सुपरस्टार यशको फिल्म टक्सिकको व्यापार झुर

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २५ भदौ**



कन्नड सुपरस्टार यशको फिल्म 'टक्सिक: ए फेयरी टेल फर ग्रोन-अप्स' प्रदर्शनमा आएको दुई साता पूरा भएको छ। अगस्ट २६ मा रिलिज भएको एक्सन-थ्रिलर ग्याङ्स्टर फिल्मले पहिलो दिन १०१ करोड १० लाख भारुको शानदार ओपनिङ गरे थियो। यो फिल्मबाट मेकरहरूले निकै आशा गरेका थिए। तर तर त्यसपछि भने फिल्मको कमाइ लगातार घटिरहेको छ।

सैकनिल्कको प्रारम्भिक ट्रेन्ड रिपोर्टअनुसार फिल्मले भारतमा १४औं दिन अर्थात् दोस्रो मंगलबार करिब ६९ लाख भारु मात्रै नेट कलेक्सन गरेको छ। दोस्रो सोमबार फिल्मले ७५ लाख रुपैयाँ कमाएको थियो। यसअनुसार मंगलबारको कमाइमा करिब ८ प्रतिशत गिरावट आएको छ। टक्सिकको भारतमा कुल नेट कलेक्सन करिब २४७ करोड १९ लाख भारु पुगेको छ।

भारतमा फिल्मको ग्रस कलेक्सन करिब २९५ करोड २ लाख भारु रहेको छ। त्यस्तै, विदेशबाट फिल्मले करिब ४३ करोड ३० लाख भारु कमाएको छ। यससँगै टक्सिकको विश्वव्यापी ग्रस कलेक्सन करिब ३३८ करोड ३२ लाख भारु पुगेको छ। कन्नडभन्दा हिन्दी संस्करणमा अकुपेन्सी बढी: १४औं दिन कन्नड र हिन्दी संस्करणको कमाइमा पनि फरक देखिएको छ।

कन्नड संस्करणले ४७ लाख भारु कमाउँदा हिन्दी संस्करणले २२ लाख भारु मात्रै कमाएको छ। तर अकुपेन्सीको हिसाबले भने हिन्दी संस्करण अगाडि छ। कन्नड संस्करणको कुल अकुपेन्सी १६ दशमलव ५२ प्रतिशत रहँदा हिन्दी संस्करणको २९ दशमलव ६० प्रतिशत पुगेको थियो। हिन्दी संस्करणका रातिका शोमा सबैभन्दा बढी ३५ दशमलव ७७ प्रतिशत अकुपेन्सी देखिएको थियो। गीतु मोहनदासको निर्देशन रहेको टक्सिकको कथा भारत स्वतन्त्र भएपछि गोवाको पृष्ठभूमिमा आधारित छ। फिल्ममा यश ग्याङ्स्टरको भूमिकामा देखिएका छन्। फिल्ममा यशसँगै कियारा आडवाणी, नयनतारा, हुमा कुरैशी, तारा सुतारिया र रुक्मिणी वसन्तको अभिनय छ।

फिल्मको कथा गीतु मोहनदास र यशले संयुक्त रूपमा लेखेका हुन्। यश फिल्मका सह-निर्माता पनि हुन्।


## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**लोहारपट्टी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**रामगोपालपुर नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**मटिहानी नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
- नाता कायम गर्न सजिलो पर्ने।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# जलवायु जोखिमदेखि न्यायसम्म : किन चाहिन्छ वैज्ञानिक आधार ?



-नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेको मुलुक हो, जसको भौगोलिक विविधताले जोखिमलाई फरक-फरक रूपमा अनुभूत गराउँछ। जलवायु न्यायका लागि नेपालको दाबी बलियो बनाउन परिवर्तनको मात्रा, असर, क्षति र जलवायु परिवर्तनको योगदानबारे वैज्ञानिक उत्तर आवश्यक छ। नेपालले जलवायु न्याय प्राप्त गर्न राष्ट्रिय जलवायु प्रमाण प्रणाली, उत्सर्जन जिम्मेवारी तथ्याङ्क भण्डार, जोखिम-संवेदनशीलता सूचकाङ्क, क्षति लेखाङ्कन प्रणाली र कारण-निर्धारण अनुसन्धान केन्द्र स्थापना गर्नुपर्छ। नेपाल जलवायु परिवर्तनको गम्भीर चपेटामा परेको मुलुक हो।

विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपालको योगदान अत्यन्त न्यून भए तापनि जलवायु परिवर्तनको प्रभावका दृष्टिले यो उच्च जोखिममा छ। नेपाल सरकारले संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धिमा प्रस्तुत गरेको राष्ट्रिय निर्धारित योगदान (एनडीसी) ३.० ले पनि विगत र वर्तमानमा विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनमा नेपाल नगण्य योगदानकर्ता रहेको उल्लेख गरेको छ। यस तथ्यले नेपालको जलवायु मुद्दालाई केवल वातावरणीय विषयमा मात्र सीमित नराखी जलवायु न्याय, विकासको अधिकार र अन्तर्राष्ट्रिय जिम्मेवारीको विषय बनाएको छ। नेपालको भौगोलिक विविधता नै जलवायु जोखिमको प्रमुख आधार हो। हिमालयदेखि चुरे, पहाड हुँदै तराईसम्मको भौगोलिक संरचनाले जलवायु परिवर्तनका प्रभावलाई फरक-फरक रूपमा अनुभूत गराउँछ। हिमाली क्षेत्रमा हिमनदी पग्लिने क्रम, हिमतालको विस्तार, हिमपहिरो र हिमताल विस्फोटजन्य बाढीको जोखिम बढ्दै गएको छ। पहाडी क्षेत्रमा अतिवृष्टि, पहिरो, भूक्षय, सडक तथा पुलको क्षति र खानेपानीको असुरक्षा देखिन्छ भने तराईमा बाढी, डुबान, अत्यधिक गर्मी, कृषि क्षति र जलजन्य रोगको जोखिम बढिरहेको छ। नेपालको एनडीसी ३.० ले पनि बढ्दो तापक्रम, हिमनदी पग्लिने प्रक्रिया, जैविक विविधताको क्षति, बाढी, खडेरी, पहिरो, हिमताल फुट्ने जोखिम, डढेलो र अत्यधिक गर्मीको लहरजस्ता क्रमिक रूपमा विकसित हुने चरम घटनाले जीवन, जीविकोपार्जन र पूर्वाधारमा असर पारिरहेको उल्लेख गरेको छ। तर, जलवायु परिवर्तनका कारण नेपालमा जोखिम बढिरहेको छ भन्नु मात्र अब पर्याप्त छैन। जलवायु न्यायको अन्तर्राष्ट्रिय बहसमा नेपालको दाबी बलियो बनाउन कति परिवर्तन भयो, कहाँ-कहाँ परिवर्तन भयो, कसलाई असर गर्‍यो, कति आर्थिक र पर्यावरणीय गैर-आर्थिक क्षति भयो अनि उक्त जोखिममा जलवायु परिवर्तनको योगदान कति छ भन्ने प्रश्नको वैज्ञानिक उत्तर आवश्यक छ। त्यसैले नेपालको आगामी जलवायु नीति र कूटनीतिक रणनीतिको आधार राजनीतिक वक्तव्यभन्दा बढी वैज्ञानिक तथ्याङ्क र प्रमाणमा आधारित हुनुपर्छ।

नेपालको हिमाली क्षेत्र जलवायु परिवर्तनको वैज्ञानिक प्रमाण तयार गर्ने सबैभन्दा महत्त्वपूर्ण क्षेत्र हो। हिमनदीको क्षेत्रफल र आकारमा आएको परिवर्तन, हिउँको आवरण, हिमतालको क्षेत्रफल तथा आयतन, हिमनदीबाट निस्कने पानीको प्रवाह र हिमपहिरोको आवृत्तिलाई नियमित रूपमा मापन गर्न आवश्यक छ। भू-उपग्रहको तस्बिर, रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली, उचाइ मापन, ड्रोन सर्वेक्षण, स्थलगत मापन तथा स्वचालित मौसम केन्द्रबाट प्राप्त तथ्याङ्कलाई एकीकृत गरेर दीर्घकालीन हिमाली जलवायु तथ्याङ्क तयार गर्नुपर्ने देखिन्छ। यसैगरी हिमतालको जोखिमलाई पनि वैज्ञानिक रूपमा अभिलेखीकरण गर्नु जरुरी छ। कुन हिमताल कति विस्तार भइरहेको छ, त्यसको बाँध कति कमजोर छ र सम्भावित हिमपहिरो गएमा तल्लो तटीय क्षेत्रका कति जनसङ्ख्या, बस्ती, सडक, पुल, जलविद्युत् आयोजनालगायत पूर्वाधार प्रभावित हुन सक्छन् भन्ने जानकारी भौगोलिक सूचना प्रणालीमा आधारित जोखिम नक्सामा राखिनुपर्छ। यस्तो प्रणालीले विपद् व्यवस्थापनमा मात्र सहयोग गर्दैन, भविष्यमा नेपालले अन्तर्राष्ट्रिय मञ्चमा क्षति तथा नोक्सानी (लस एन्ड ड्यामेज) वित्त माग्दा ठोस वैज्ञानिक प्रमाणसमेत उपलब्ध गराउँछ। नेपालमा बाढी र पहिरोका घटनालाई पनि जलवायु परिवर्तनसँग जोडेर वैज्ञानिक अध्ययन गर्नुपर्ने आवश्यकता छ। कुनै एउटा बाढी वा पहिरो आयो भन्दैमा त्यसलाई स्वतः जलवायु परिवर्तनको परिणाम मान्नु वैज्ञानिक रूपमा उचित हुँदैन। त्यसका लागि जलवायु परिवर्तनजन्य कारण-निर्धारणसम्बन्धी (एट्रिब्युसन साइन्स) विज्ञानको आवश्यकता पर्छ। ऐतिहासिक वर्षा र तापक्रमको तथ्याङ्क, भू-उपग्रह अवलोकन, जलवायु मोडल, पुनर्विश्लेषण तथ्याङ्क तथा सम्भाव्यता विश्लेषणको प्रयोग गरेर कुनै चरम घटना जलवायु परिवर्तनका कारण कति सम्भावित वा तीव्र भएको हो भन्ने अध्ययन गर्नुपर्छ।

यसरी नेपालले 'हामी जलवायु परिवर्तनबाट प्रभावित छौँ' भन्ने सामान्य दाबीबाट अगाडि बढेर 'फलानो क्षेत्रमा यति वर्षमा तापक्रम यति बढ्यो, अतिवृष्टिको आवृत्ति वा तीव्रता यति परिवर्तन भयो, त्यसबाट यति जनसङ्ख्या र यति पूर्वाधार प्रभावित भए अनि त्यसको आर्थिक क्षति यति भयो' भन्ने प्रमाण प्रस्तुत गर्न सक्नुपर्छ। यही प्रमाण जलवायु न्यायको बलियो वैज्ञानिक आधार बन्न सक्छ। जलवायु न्यायको अर्को महत्त्वपूर्ण आधार हरितगृह ग्यास उत्सर्जनको जिम्मेवारी र जलवायु जोखिम-संवेदनशीलताको विश्वव्यापी तुलना हो। वर्तमान वर्षको उत्सर्जन मात्र हेरेर कुनै देशको जलवायु जिम्मेवारी निर्धारण गर्न मिल्दैन। ऐतिहासिक उत्सर्जन, सञ्चयी उत्सर्जन, प्रतिव्यक्ति उत्सर्जन र सम्भव भएसम्म उपभोगमा आधारित उत्सर्जनलाई समेत विचार गर्नुपर्छ। नेपालले विश्वका देशहरूको दीर्घकालीन हरितगृह ग्यास (जीएचजी) उत्सर्जनलाई जलवायु संवेदनशीलतासँग तुलना गर्ने वैज्ञानिक तथ्याङ्क भण्डार (डाटाबेस) तयार गर्नुपर्छ।

यस्तो तथ्याङ्क भण्डारमा प्रत्येक देशको सञ्चयी हरितगृह ग्यास उत्सर्जन, विश्वव्यापी उत्सर्जनमा हिस्सा, प्रतिव्यक्ति उत्सर्जन, जनसङ्ख्या, जलवायु जोखिम-संवेदनशीलता, जोखिममा पर्ने अवस्था, अनुकूलन क्षमता र क्षति तथा नोक्सानीलाई समेट्न सक्नुपर्छ। यसबाट विश्वका देशहरूलाई उच्च जिम्मेवारी-उच्च जोखिम, उच्च जिम्मेवारी-कम जोखिम, न्यून जिम्मेवारी-उच्च जोखिम र न्यून जिम्मेवारी-कम जोखिमको समूहमा विश्लेषण गर्न सकिन्छ। न्यून हरितगृह ग्यास जिम्मेवारी तर उच्च जलवायु संवेदनशीलता भएका देशहरूको समूह नेपालको जलवायु न्यायको दाबीका लागि विशेष रूपमा महत्त्वपूर्ण हुन सक्छ।

नेपालले यही अवधारणालाई आफ्नो अन्तर्राष्ट्रिय जलवायु कूटनीतिको मुख्य वैज्ञानिक आधार बनाउन सक्छ। नेपालको एनडीसी ३.० ले पनि जलवायु परिवर्तनबाट उत्पन्न सबै जोखिमलाई अनुकूलनबाट मात्र पूर्ण रूपमा रोक्न नसकिने र बाँकी रहने जोखिमबाट हुने क्षति तथा नोक्सानी सम्बोधन गर्न अन्तर्राष्ट्रिय वित्त आवश्यक पर्ने कुरा स्पष्ट गरेको छ। कोपमा प्रमाणमा आधारित तथ्य राखौँः जलवायु न्यायको अन्तर्राष्ट्रिय बहसलाई कोप प्रक्रियाबाट अलग गरेर हेर्न सकिँदैन। कोप नै यूएनएफसीसीसी अन्तर्गत विश्वका देशहरूले उत्सर्जन न्यूनीकरण, अनुकूलन, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षति तथा नोक्सानीजस्ता विषयमा निर्णय तथा वार्ता गर्ने प्रमुख अन्तर्राष्ट्रिय मञ्च हो।

कोप-२८ पछि क्षति तथा नोक्सानी कोषलाई संस्थागत रूपमा अघि बढाउने महत्त्वपूर्ण प्रक्रिया सुरु भएको हो। बाकुमा सम्पन्न कोप-२९ मा जलवायु वित्तको नयाँ सामूहिक परिमाणात्मक लक्ष्य, क्षति तथा नोक्सानी कोषसम्बन्धी व्यवस्था, अनुकूलन तथा अन्य वित्तीय विषयमा महत्त्वपूर्ण निर्णयहरू भएका थिए। यूएनएफसीसीसीका अनुसार कोप-२९ ले विकासशील देशहरूको जलवायु कार्यका लागि सन् २०३५ सम्म वार्षिक कम्तीमा ३०० अर्ब अमेरिकी डलर पुर्‍याउने नयाँ जलवायु वित्त लक्ष्य तय गरेको छ। नेपालले यी अन्तर्राष्ट्रिय निर्णयलाई केवल स्वागत मात्र गर्ने होइन, आफ्नो राष्ट्रिय आवश्यकता र वैज्ञानिक प्रमाणसँग जोडेर पस्कन सक्नुपर्छ।

कोप-२९ मा नेपालको आधिकारिक वक्तव्यले पनि क्षति तथा नोक्सानी कोषको प्रभावकारी कार्यान्वयन, जलवायु वित्त, प्रविधि हस्तान्तरण र क्षमता विकासको आवश्यकतालाई उठान गरेको थियो। नेपालले जलवायु वित्त अनुदानका रूपमा उपलब्ध गराउनुपर्ने तथा हिमाली र जैविक प्रणाली संरक्षणमा योगदान गर्ने देशलाई न्यायपूर्ण सहयोग आवश्यक रहेको धारणा राखेको थियो।

साभार : रातोपाटी।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस।"



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

अनुरोधकर्ता
धनौजी गाउँपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने।
– नाता कायम गर्न सजिलो पर्ने।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने।

अनुरोधकर्ता
धनुषाधाम नगरपालिका कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday